# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

(परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org

व्यवस्थापन संकाय डीनको कार्यालय कीर्तिपुर

मितिः- २०८१ । ०९ । १६

### MBS तथा MPA कार्यक्रमको दोश्रो सत्र नियमित परीक्षा २०२५ को परीक्षा फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Master of Business Studies (MBS) र Master of Public Administration (MPA) कार्यक्रममा २०८० साल (सन् २०२४) मा भर्ना भएका परीक्षार्थीहरुको दोश्रोसत्रको नियमित र सन् २०२० देखि सन् २०२४ सम्म उल्लेखित कार्यक्रममा भर्नाभई दोश्रोसत्रको नियमित परीक्षामा सामेलभै अनुर्तिण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु (नियमित परीक्षाको आंशिक परीक्षार्थी) समेतको दोश्रोसत्रको सत्रको नियमित परीक्षा मिति **२०८१ माघ चौथो सातादेखि** संचालन हुने भएकोले आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरी परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०८१ । ०९ । २९ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८१ । १० । ०३ गतेभित्र यस परीक्षा नियन्त्रण महाशाखामा तपशिल बमोजिमको आवश्यक शूल्क सहित अनिवार्य रुपमा उपलब्ध गराउन सम्वन्धित् क्याम्पस / कलेजहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु १५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ३००।-

**विलम्ब शूल्क :** मिति २०८१ । १० । ०१ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

*नोटः*

*(क) नियमित परीक्षार्थिहरुको हकमा प्रथमसत्रको को Grade Sheet / Ledger / Admit Card को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा दोश्रोसत्रको नियमित परीक्षाको Grade Sheet को प्रतिलिपि अनिवार्यरुपमा परीक्षाफारम सँगै संलग्न गर्नुपर्नेछ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

*(ग) परीक्षार्थीहरुको **आन्तरिक मुल्याङ्कनको List** परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फाराममा समेत उल्लेख गर्नु पर्नेछ । **आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्वीकृत गरीने छैन ।***

*(घ) परीक्षार्थीहरुको **आन्तरिक मुल्याङ्कनको List** यस संकायको email id: mgmtdean.exam@gmail.com मा Excel file format मा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।*

*(ङ) परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ ।*

*(च) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६०००००१ मा जम्मा गरी **कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै संक्कल भैचर** परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन

# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

## परीक्षा नियन्त्रण महाशाखा

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org


मिति:- २०८१ । ०९ । १६

### स्नातकोत्तर तहको दोश्रोसत्रको नियमित परीक्षा - २०२५ को फाराम भर्ने सूचना

त्रि. वि. व्यवस्थापन संकाय अन्तर्गत संचालित स्नातकोत्तर तहका Master of Business Administration in Finance (MBA-F), Master of Business Administration in Corporate Leadership (MBA-CL), Master of Business Administration in Marketing (MBA-M), Master of Business Management (MBM), Master of Hospitality Management (MHM), Master of Adventure Tourism Studies (MATS) र Master of Travel and Tourism Management (MTTM) कार्यक्रमका दोश्रोसत्रको नियमित परीक्षा आगामी **२०८१ माघ चौथो सातादेखि** सञ्चालन हुने भएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उल्लेखित कार्यक्रमका प्रथमसत्रको नियमित परीक्षामा सम्मिलित हुन चाहने परीक्षार्थीहरुले परीक्षा फाराम भरि सम्बन्धित क्याम्पस / कलेज / विभागमा मिति २०८१ । ०९ । २५ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८१ । ०९ । २८ गते भित्र यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा अनिवार्यरुपमा आवश्यक शुल्क सहित बुझाई सक्नुपर्नेछ।

तपशिल

**नियमित परीक्षा शूल्क:** प्रति विद्यार्थी प्रति सत्र : रु ३०००।-

**आंशिक परीक्षा शूल्क:** प्रति विद्यार्थी प्रति विषय : रु ६००।-

**परीक्षा केन्द्र शूल्क:** प्रति विद्यार्थी प्रति सत्र : रु ४५०।-

**परीक्षा फाराम शूल्क:** प्रति विद्यार्थी प्रति सत्र : रु ५०।-

**विलम्ब शूल्क :** मिति २०८१ । ०९ । २६ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको विस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ।

**नोट:** *(क) नियमित परीक्षाहरुको हकमा प्रथमसत्रको Grade Sheet को प्रतिलिपी र आंशिक परीक्षार्थीहरुको हकमा दोश्रोसत्रको नियमिति परीक्षाको लब्धाङ्कपत्रको प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन।*

*(ख) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ।*

*(ग) परीक्षार्थीहरुको आन्तरिक मुल्याङ्कन संकायको **Website** मा उपलब्ध नमुना बमोजिमको समष्टिगत विवरण परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्ममा समेत उल्लेख गर्नु का साथै यस संकायको email id: mgmtdean.exam@gmail.com मार्फत पठाउनुपर्नेछ। **आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्वीकृत गरीने छैन।***

*(घ) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६००००१ मा जम्मा गरी सोको सक्कल भैचर परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन